# मेलौली नगरपालिकाको एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि - २०७५

**प्रस्तावना** : एम्बुलेन्स सेवालाई सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्सलाई जनताकोपहुँचसम्म पुऱ्याई सेवाको गुणस्तर बृद्धि गर्नुपर्ने भएकोले ।

## १. संक्षिप्त नाम र प्रारम्भ :-

- यस निर्देशिकाको नाम एम्बुलेन्स सञ्चालन निर्देशिका २०७५ रहनेछ ।
- यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

## २. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

- एम्बुलेन्स भन्नाले विरामी ओसार पसार ल्याउने/पुऱ्याउने वाहनलाई सम्झनुपर्दछ ।
- एम्बुलेन्स जनशक्ति भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी तथाचालकलाई सम्झनुपर्दछ ।
- चालक भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनुपर्दछ ।
- संस्था भन्नाले एम्बुलेन्स सेवा सञ्चालन गर्ने संस्थालाई सम्झनुपर्दछ ।
- समिति भन्नाले एम्बुलेन्स सेवा सञ्चालन गर्न गठन भएको समितिलाईसम्झनुपर्दछ ।
- शुल्क भन्नाले समितिले तोकेको अनुमति, नवीकरण तथा सेवा शुल्कलाई सम्झनुपर्दछ ।
- सेवा भन्नाले एम्बुलेन्सले विरामीलाई दिने सम्पूर्ण सेवा सम्झनुपर्दछ ।

## ३. संस्थाको कर्तब्य :

- प्रचलित कानूनमा उल्लेख भए बमोजिम शर्तहरुको पालना गरी समितिकोसमन्वयमा एम्बुलेन्स सेवा सञ्चालन गर्नुपर्ने ।
- समितिले तोके अनुसारको भाडा लिई सोको विल सेवाग्राहीलाई उपलब्ध गराउने।
- विरामीलाई विरामी रहेको ठाउँ वा घटनास्थलबाट अस्पताल वा उपचारस्थलसम्म वा चिकित्सक वा स्वास्थ्य संस्थाले सिफारिस गरे बमोजिम विरामीकोबासस्थान सम्म पुऱ्याउनको लागि मात्र एम्बुलेन्सको प्रयोग गर्नुपर्दछ ।
- असहाय, गरीब, बेवारिसे तथा सडक दुर्घटनामा परेका व्यक्तिलाई एम्बुलेन्स सेवानिशुल्क प्रदान गर्नुपर्नेछ ।
- कुनैपनि वहानामा एम्बुलेन्स सेवाबाट कसैलाई पनि बञ्चित गर्न पाईनेछैन ।
- एम्बुलेन्सलाई २४ सै घण्टा सेवा प्रदान गर्ने हालतमा राख्नुपर्नेछ ।
- एम्बुलेन्स सेवा प्रदान गरे वापत प्राप्त आम्दानीको छुट्टै अभिलेख राख्नुपर्नेछ । रप्रत्येक वर्ष लेखापरिक्षण गराउनुपर्नेछ । सोको जानकारी नगरपालिकामागराउनुपर्नेछ ।
- एम्बुलेन्स सञ्चालनबाट प्राप्त आम्दानी र त्यसका लागि भएको खर्च प्रत्येक३/३ महिनामा एम्बुलेन्स सेवा सञ्चालन समितिलाई जानकारी गराउनुपर्नेछ ।
- नगरपालिकाबाट प्राप्त निर्देशनलाई समितिले अक्षरस पालना गर्नुपर्नेछ ।

## ४. एम्बुलेन्सको मापदण्ड तथा वर्गीकरण :

- राष्ट्रिय प्रदुषण मापदण्ड अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।
- एम्बुलेन्सको पहिचान हुनेगरी साईरन बत्ती जडान, फोर ह्वील ड्राईभ भएकोहुनुपर्नेछ ।
- एम्बुलेन्समा एम्बुलेन्स शब्द र संस्था र चालकको टेलिफोन नं. नेपालीदुबै भाषामा लेखिएको हुनुपर्नेछ ।
- एम्बुलेन्सको वर्गिकरण खुल्ने गरी बर्ग उल्लेख भएको हुनुपर्नेछ ।
- एम्बुलेन्सको १००० सि.सि. भन्दा बढी भएको हुनुपर्नेछ ।
- एम्बुलेन्सको चालकको सिट पछाडी कुनैपनि सिट नराखेको हुनुपर्नेछ ।
- तोकिएको भाडा दर प्रमाणित गराई एम्बुलेन्स भित्र कुनै भागमा टाँस गर्नुपर्नेछ ।

## ५. एम्बुलेन्स सेवा सञ्चालन समिति

एम्बुलेन्स सेवा सञ्चालन, व्यवस्थापन र अनुगमन गर्न देहायको पदाधिकारी रहेको एम्बुलेन्स सेवा सञ्चालन समिति रहनेछ ।

१.अध्यक्ष नगरपालिका प्रमुख
२.सदस्य सम्बन्धित वडाको महिला सदस्य
३.सदस्य दलित, अल्पसंख्यक
४.सदस्य आदिवासी/जनजाती
५.सदस्य अध्यक्षबाट मनोनित १ जना
६.सदस्य नगरपालिकाको वडा अध्यक्षहरु मध्येबाट १ जना
७.सदस्य स्वास्थ्य शाखा/इकाईबाट १ जना
८.सदस्य सम्बन्धित वडाको वडा अध्यक्ष
९.सदस्य सचिव नगरपालिका आर्थिक प्रशासन शाखा प्रमुख

## ६. एम्बुलेन्स सेवा शुल्क :

एम्बुलेन्स सेवा सञ्चालन गर्नको लागि समितिले तोकेको भाडा दरलाई एम्बुलेन्स सेवा शुल्क बुझ्नु पर्दछ । उक्त दुरीबर्गिकरण गरी देहाय बमोजिमको भाडा दर निर्धारण गरिएको छ ।

| क्र.स. | देखि | सम्म | | दर | कैफियत |
|---|---|---|---|---|---|
| | मेलौली | मे.न.पा.-१, | देही, आगर, स्वाखानी, गुईला | ४०० | |
| | | | झुसिल, हरीचन | ६०० | |
| | | | द्धारसैनी, डौराली | ५०० | |
| | | | सिराड | ७०० | |
| | मेलौली | मे.न.पा.-२ | सलेना | १२०० | |
| | | | दुगास्थान | १५०० | |
| | मेलौली | मे.न.पा.-३ | बाकोट | १००० | |
| | मेलौली | मे.न.पा.-४ | तितावै | | |
| | मेलौली | मे.न.पा.-५ | खलिगाड | ८०० | |
| | | | पेल्या | ८०० | |
| | | मे.न.पा.-६ | लामालेक | ५०० | |
| | | | पोखरी | ४०० | |
| | | मे.न.पा.-७ | काँडा, दवानी | ४०० | |
| | | | मर्छले | ५०० | |
| | | | थ्वा | ६०० | |
| | | | गाँउकोट | ७०० | |
| | | मे.न.पा.-८ | कोटिगाँउ | ८०० | |
| | | मे.न.पा.-८ | कान्तीपुर | ७५० | |
| | | | कानली | १००० | |
| | | | सुलेखान | २००० | |
| | | | मड | २५०० | |
| | | | सर्माली | ३००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कुलाउ | ३००० | |
| | | | पञ्चेश्वर | ३५०० | |
| | | | आम्चौरा | ३५०० | |
| | | | पाटन | २५०० | |
| | | | दुर्गासथान हुदै बैतडी, जुलाघाट | ३०००, ४००० | |
| | | | पाटन हुदै बैतडी, जुलाघाट | ४०००, ५००० | |
| | | | डडेल्धुरा | ५००० | |
| | | | धनगडी | १०००० | |
| | | | महेन्द्रनगर | ११००० | |
| | | | कोहलपुर | १६००० | |

उक्त स्थान हाईवे वाहेकका शाखा बाटो मार्फत टोल बस्तीमा जाँदा बाटोको दुरी हेरी समितिले भाडाँ निर्धारणगर्नेछ ।

७. **एम्बुलेन्स चालक नियुक्ती सम्बन्धमा** :

- रितपूर्वक सवारी चालक अनुमति-पत्र लिएको ।
- सवारी चालकको रुपमा न्यूनतम ५ (पाँच) वर्षको अनुभव भएको ।
- कम्तिमा २४ वर्ष उमेर पूरा गरेको ।
- आकस्मिक उपचार समन्वय समितिले तोके बमोजिम प्राथमिक उपचारको तालिम प्राप्त गरेको ।
- एम्बुलेन्स चालकको मासिक तलब भत्ता निर्धारण सम्बन्धमा :
- एम्बुलेन्स चालकको मासिक तलब भत्ता समितिले तोके बमोजिम हुनेछ ।

८. **एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिता** :

एम्बुलेन्स सञ्चालन निर्देशिका २०७५ लाई पूर्ण रुपमा परिपालना गर्नुपर्नेछ ।

आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनीयतालाई कायम गर्दै आफ्नोपेशाको मान मर्यादा खलल पुग्ने कुनै काम गर्न पाईनेछैन ।

मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने ।

विरामी ओसार पसार गर्ने क्रममा विरामीको बारेमा पर्याप्त जानकारी लिई उपचार सहयोग गर्नुपर्नेछ ।

विरामीलाई विच बाटोमा छोड्न नहुने ।

दैनिक सेवा शुल्क वापत उठेको रकम समितिले तोकेको बैंक खातामा बढिमा १ हप्ता भित्रजम्मा गरी सोको बैंक भौचर समितिलाई पेश गर्नुपर्नेछ ।

आफ्नो कामको सिलसिलामा भएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीबाट पाएकोजानकारी कुनै तेश्रो पक्षलाई बताउन नहुने । तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वाविरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचनाको वारेमा जानकारी दिनुपर्नेछ ।

प्रचलित कानूनको पालना गर्नुपर्नेछ ।

सेवाग्राहीबाट प्राप्त तोकिए बमोजिमको एम्बुलेन्स सेवा शुल्क वापतको रकम बुझिलिदा अनिवार्यरुपमा नगदी रसिद प्रदान गर्नुपर्नेछ । रसिद समाप्त भएपछि अर्धकट्टी अनुसारको सबै प्राप्त सेवाशुल्कको कूल जोड जम्मा गरेको नगद वा बैंक भौचरको हिसाब बुझाए पछि मात्रै अर्को ठेलि नगदी रसिद दिईनेछ ।

नाम :

ठेगाना : ना.प्र.नं.: जिल्ला :

लाईसेन्स नं. .................................................. लाईसेन्स जारी मिति.................................

ले उल्लेखीत आचार संहिता अध्ययन तथा पालना गरेको छु । बैतडी  जिल्ला मेलौली  नगरपालिको मातहतमा रहेको एम्बुलेन्स चलाउँदा मैले यो आचार संहिता पूर्ण रुपमा पालनागर्नेछु, भनि सहमति जनाई सहिछाप गरेको छु ।

| **चालकको** | **रोहबरमा प्रमाणित गर्ने व्यक्ति** |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नामथर : | नामथर : |
| ठेगाना : | पद : |
| मिति : | मिति : |

कार्यालयको छाप :